नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको**

प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि गठित सिफारिस समितिको दरखास्त आव्हान सम्बन्धी सूचना।

प्रकाशित मितिः २०८३/०२/२९

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्ति गर्नुपर्ने भएकोले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकवाट यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र (कार्यालय समयमा) मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा, सिंहदरवार, काठमाडौंमा दरखास्त दिन सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशन गरिएको छ।

**१. योग्यता तथा अनुभवः**

(क) दरखास्त दिने अन्तिम मितिसम्म उमेर ३५ वर्ष पुगेको र ६५ वर्ष ननाघेको,

(ख) सम्बन्धित सार्वजनिक निकायको कार्य प्रकृतिसँग सम्बन्धित विषय वा प्रशासन, व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ्ग वा कानूनमा मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै संस्था वा निकायको व्यवस्थापकीय जिम्मेबारीको पदमा कम्तीमा पाँच बर्षको कार्य अनुभव भाएको,

(ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को दफा ४ बमोजिम अयोग्य नरहेको,

(घ) अन्य प्रचलित कानूनले अयोग्य नभएको।

**२. निवेदकले दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) दरखास्तसाथ यस मन्त्रालयको वेवसाइट www.moics.gov.np मा प्रकाशित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को अनुसूची-२ बमोजिमको ढाँचामा दुई प्रति पासपोर्ट साइजको फोटो, मन्त्रालयको वेवसाइटमा रहेको नमूना वमोजिमको स्वघोषणा फाराम, वैयक्तिक विवरण तथा शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, र सम्वन्धित निकायवाट प्रमाणित अनुभव खुल्ने कागजातका प्रतिलिपीहरुलाई उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(ख) अनुभवको विवरण पेश गर्दा काम गरेको संस्थाको नाम, पद, काम गरेको कूल समयावधि (वर्ष, महिना, दिन समेत) खुलाई स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(ग) दरखास्तसाथ उम्मेदवारले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सञ्चालनका लागि मन्त्रालयको वेवसाइट www.moics.gov.npमा रहेको व्यावसायिक कार्ययोजनाका विषय समावेश हुने गरी बढीमा पाँच हजार शब्दको व्यावसायिक कार्ययोजना २ (दुई) प्रति एउटै खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने छ। व्यावसायिक कार्ययोजना A4 साइजको सादा सेतो कागजमा एकापट्टि मात्र टाइप गरिएको हुनुपर्ने छ। व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामा लेख्न सकिनेछ। कार्ययोजनाको अग्रपृष्ठ (Cover Page) मा बाहेक अन्य पृष्ठमा आफ्नो नाम, हस्ताक्षर वा अन्य कुनै संकेत राख्न पाइने छैन।

३. **व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तरवार्ता:**

दरखास्त स्वीकृत भई छनौट सूचीमा परेका उम्मेदवारले आफूले पेश गरेको व्यावसायिक कार्ययोजना प्रस्तुति तथा अन्तरवार्ताको लागि तोकिएको स्थान, मिति र समयमा सहभागी हुनुपर्नेछ।

४. **दरखास्त दस्तुरः**

दरखास्त दस्तुरबापत यस मन्त्रालयको कार्यालय कोड नं.३०७००३५०१ राजस्व खाता नं. १०००१००२०००१०००० राजस्व शीर्षक नं. १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैक लिमिटेड, सिंहदरवार शाखामा रु.५०००/- (अक्षरुपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

५. **पारिश्रमिक अन्य सुविधाः प्रचलित कानून बमोजिम हुनेछ।**

६. **अन्य विवरणः**

(क) यो सूचना बमोजिम रित नपुगी दर्ता हुन आएका दरखास्त सिफारिस समितिबाट अस्वीकृत हुनेछ।

(ख) सरकारी निकाय वा संस्थानमा कार्यरत आवेदकको हकमा दरखास्तसाथ कार्यरत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र पेश गर्नुपर्नेछ।

(ग) आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि यस मन्त्रालयको वेबसइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं